आज मिति २०७६।०६।३० गतेका दिन यस चौदण्डीगढी न० पा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल, उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " " २
५. श्री परशुराम राई - " " ३
६. श्री चरण कुमार राई - " " ४
७. श्री देव नारायण चौधरी - " " ५
८. श्री कमलध्वज राई - " " ६
९. श्री तेजराज तिम्सिना - " " ७
१०. श्री श्याम कुमार मगर - " " ८
११. श्री प्रकाश राउत - " " ९
१२. श्री राम कुमार खड्का - " " १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री मदन कुमारी कार्की - "
१५. श्री आनुका कमर - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री आस्मिता नेपाली - "
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री शिव प्रसाद हुमेगाई - प्रमुख प्रशासकीय अधिकृत
२२. श्री अम्बर ब० मगर - लेखापाल
२३. श्री नेत्र ब० वि.क. - रि. चौ

प्रस्तावहरु

१. शुभकामना आदान प्रदान कार्यक्रम सम्बन्धमा ।
२. औषधिय समपुरक योजना सम्बन्धमा ।
३. राष्ट्रिय सेवादलको प्रस्ताव सम्बन्धमा ।
४. खेलकुद प्रतियोगिताहरुको भुक्तानी सम्बन्धमा ।
५. खेलकुद प्रतियोगिताहरु तथा खेलकुद महोत्सव सम्बन्धमा ।

Scanned by CamScanner

६. १८ महिने बालि विज्ञान विषय संचालन सम्बन्धमा ।
७. महिला विकास अन्तर्गतका सामाजिक परिचालकहरुको म्याद थप बारे।
८. कृषि प्राविधिक राख्ने सम्बन्धमा ।
९. गरिब संग विश्वेश्वर कार्यक्रमको म्याद थप सम्बन्धमा ।
१०. रामप्रसाद राई रंगशाला हेरालु सम्बन्धमा ।
११. एक गाँउ एक प्राविधिकको म्याद थप सम्बन्धमा ।
१२. छत्रपती आचार्यको माग निवेदन सम्बन्धमा ।
१३. उपभोक्ता समिति संग योजना सम्झौता गर्ने सम्बन्धमा ।
१४. IEE प्रतिवेदन सम्बन्धमा ।
१५. आर्थिक सहयोग सम्बन्धमा ।
१६. 'घ' वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
१७. शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत कर्मचारीको सम्बन्धमा ।
१८. जिल्ला समन्वय समितिको च.नं.१०९ मिति ०७६।६।१को योजना सम्झौता सम्बन्धी पत्र सम्बन्धमा ।
१९. फोकल पर्सन तोक्ने सम्बन्धमा ।
२०. पैरेखी किसान समूहको माग सम्बन्धमा ।
(२१) अव्यवस्थित बसोबासीको विवरण संकलन सम्बन्धमा

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं.१ माथि छलफल गर्दा नेपालीहरुको महान पर्व हरु कार्तिक १०,११,१२ गते पर्ने दिपावली (भाइटिका), छठपर्व, नेपाल सम्वत, मिति २०७६।८।२६ गते पर्ने उधौली पर्व लगायत का पर्वहरुको अवसरमा मिति २०७६।०८।०२ गतेका दिन यस नपा को सम्पूर्ण नगरसभा सदस्य, राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, शैक्षिक निकायहरु, सुरक्षा निकायहरु लगायत सम्पूर्ण नगरवासी नागरिकहरुको उपस्थितिमा नपाको सिगटि हलमा शुभकामना आदान प्रदान कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो । साथै सोही दिनको ११:०० बजे देखि सांस्कृतिक कार्यक्रम गरिनेछ र बेल्सार एकता युवा क्लब र चौदण्डीगढी युवा समूहलाई सहयोगी संस्थाको रुपमा राख्ने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ र संशोधन कार्यविधि,२०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५ र संशोधन कार्यविधि,२०७६ बमोजिम राष्ट्रिय योजना आयोग द्वारा मिति २०७६।६।०७ मा प्रकाशित सूचना अनुसार समपुरक अनुदान तर्फको लागि यस नपा.को कार्यालय निर्माण लागि योजना पेश गर्ने निर्णय पारित गरियो । साथै विशेष अनुदान तर्फ वडा नं.८ को राजधारा

खानेपानी आयोजना संचालनकोलागी योजना माग गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय सेवा दल श्री ज्योति मा.वि. नेपालगञ्जको माग निवेदन अनुसार उक्त सेवा दलले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रम संचालन गर्नको लागि न.पा.को विविध खेलकुद सम्बन्धी कार्यक्रम संचालन गर्ने शीर्षकमा विनियोजित रकम बाट रु. १,४६,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो । साथै NCC तालिम जवान भाग्ने छात्राको लागि रु. १६०,०००।- सम्म सोही शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडामा विजयादशमीको अवसरमा संचालित फुटबल प्रतियोगिताहरुको आयोजक हरुको माग निवेदन अनुसार तपसिल अनुसार यस न.पा.को अन्य खेलकुद गतिविधि संचालन शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. स्वर्गीय सुनिल के.सी. स्मृती नकआउट फुटबल प्रतियोगिता वडा नं. १० (मिति २०७६/६/१३ देखी २०) रु. ५०,०००।-

२. जुटपानी युवा समूह सन्दरपुर। दोस्रो शिवालय गोल्डकप फुटबल प्रतियोगिता रु. ५०,०००।-

३. आदर्श चौक स्वासिकप फुटबल भ्यौ.न.पा.७ – रु. २०,०००।-

नोट:- गाईघाटमा संचालित मुख्यमन्त्रीकप फुटबलको सहभागी टेल्यार एकल युवा क्लबको बिलभर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार खेलकुद तर्फको मेयर कप, उपमेयर कप फुटबल तथा खेलकुद महोत्सव संचालनको लागि नगरपालिकाको प्रत्यक्ष निगरानीमा रहने गरि आवश्यक कार्यक्रम तयारी तथा संचालन गर्नको लागि नगर खेलकुद विकास समिति लाई अख्तियारी दिने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा सञ्चालित श्री ज्योति मा.वि. बेल्टारमा १८ महिने बाली विज्ञान विषयको पठन पाठन सञ्चालन गर्नको लागि विभिन्न समयमा उक्त समितिले खर्च गरेको रकम रु. ४०,०००।- यस न.पा.को शिक्षा तर्फको विविध तर्फ विनियोजित रकम बाट उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा साविक महिला विकास अन्तर्गत कार्यरत सामाजिक परिचालक द्वय गोमादेवी दाहाल र सम्झना राईलाई साविककै बमोजिम सेवा सुविधा पाउने गरि मिति २०७६ श्रावन १ गते देखि लागू हुने गरि चालु आ.व.को लागि म्याद थप गर्ने निर्णय गरियो। मासिक पारिश्रमिक रु.१४,०००।- उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को कृषि तर्फ कृषि विषयको प्राविधिक कर्मचारी आवश्यक भएको हुंदा कृषि सेवा प्रसार कार्यक्रम हेल्भेटास र न.पा. को समन्वयमा १ जना कृषि प्राविधिक कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो।

नोट :- हेल्भेटास तर्फको बजेट बाट यस न.पा.को चालु आ.व. मा स्वीकृत कार्यक्रम (उत्कृष्ट कृषक एवं कृषक परिवारलाई सम्मान कार्यक्रम) विकेन्द्रित एवं बहुपक्षीय कृषि सेवा विकास कार्यक्रमको लागि सहयोग शीर्षकमा विनियोजित रकम — रु.२००,०००।- लाई रकमान्तर गरि उक्त कृषि प्राविधिक लाई पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ मा सञ्चालित गरिवसंग विश्वेश्वर कार्यक्रम निरन्तरताको लागि बजेट तथा कार्यक्रम प्राप्त भएको हुंदा उक्त कार्यक्रम स्वीकृत गरि उक्त कार्यक्रमको सामाजिक परिचालक सुशिला वि.क.को करार अवधि समेत चालु आ.व.को लागि थप गर्ने निर्णय पारित गरियो।

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ मा रहेको रामप्रसाद राई रँगशालाको नियमित रेखदेखको लागि स्थानीय म० सुन्दर राई लाई मिति २०७५ साल चैत्र महिना देखि हाल सम्म निरन्तर रुपमा हेरालुको रुपमा राखिएको हुँदा निजलाई मासिक १५०००-का दरले हालसम्मको पारिश्रमिक रकम यस न.पा.को करार सेवा बाट एक मुष्ठ उपलब्ध गराउने निर्णय गरियो। साथै आवश्यक भएमा पुन: राख्ने गरी हाललाई नराख्ने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस न.पा. ~~अन्तर्गत~~ वडा नं. १ र वडा नं. ५ मा रही कार्यरत एक गाँउ एक प्राविधिक अन्तर्गत पशु प्राविधिक कर्मचारी लिलाराज श्रेष्ठ र आकाश घिमिरेको मिति २०७६ साल कार्तिक १ गते देखी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ बस्ने धनपति आचार्यले मिति २०७६।६।१० गते घरमा आगलागि भएको भनि क्षतिपूर्ति माग गरेको सम्बन्धमा थप अनुसन्धान गरि आगामी बैठकमा पेश गर्ने निर्णय पारित गरियो।

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस न.पा. बाट चालु आ०व०मा कार्यान्वयन हुने सम्पूर्ण योजनाहरुको उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार हुने गरि संबन्धीत योजना बाट लाभान्वीत उपभोक्ताहरु बाट कम्तीमा ६०%को उपस्थितिमा उपभोक्ता समिति गठन गर्नु पर्ने र उपभोक्ता समितिले योजना रकमको कम्तीमा १०% सहभागिता रकम अनिवार्य रुपमा बैंक जम्मा गरि बैंक भौचर ~~जम्मा~~ सहित आएपछि मात्र योजनाको सम्झौता गर्ने निर्णय गरियो अन्यथा सार्वजनिक खरिद ऐन बमोजिम योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

नि.नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस न.पा. क्षेत्रका नदि तथा खोलाहरु बाट नदिजन्य पदार्थ उत्खनन गर्ने सम्बन्धमा नगरले परामर्शदाता मार्फत तयार गरेको IEE प्रतिवेदन प्राप्त भएको हुँदा उक्त IEE प्रतिवेदन स्वीकृतिको लागि जिल्ला समन्वय समिति उदयपुरमा पठाउने निर्णय गरियो ।

नि.नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस न.पा. क्षेत्रका विभिन्न वडा बाट आर्थिक सहयोगको लागि सिफारिस भई आएका विभिन्न दीर्घरोगीहरुलाई यस न.पा. को स्वास्थ्य उपचार राहत वितरण कार्यविधि अनुसार तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. भगवति देवी विष्ट चौ.न.पा. ६ मुटु अप्रेशन रु. ५०,०००।-
२. रकिमा खातुन चौ.न.पा. ५ पाठेघर क्यान्सर रु. ५०,०००।-
३. वीरबहादुर मगर चौ.न.पा. ७ मृगौला अप्रेशन रु. ५०,०००।-
४. रत्न बहादुर खड्का चौ.न.पा. ९ क्यान्सर रु. ५०,०००।-
५. मणिकुमार थापा चौ.न.पा. २ पार्किन्सन्स रु. ५०,०००।-
६. प्रेम प्रसाद निरौला चौ.न.पा. ९ जटिल अप्रेशन रु. २५,०००।-
७. लाल बहादुर खड्का चौ.न.पा. ९ जटिल अप्रेशन रु. २५,०००।-
८.
९.

नि.नं.१६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस न.पा. को 'घ' वर्गको निर्माण इजाजत सम्बन्धी कार्यविधि, २०७५ अनुसार प्रक्रिया पुरा भई दर्ता हुन आएका तपसिल अनुसारका निर्माण कम्पनीहरुलाई 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

तपसिल

१. श्री प्रशान सागर निर्माण सेवा, चौ.न.पा. ४
२. श्री औंतारी निर्माण सेवा, चौ.न.पा. ६

Scanned by CamScanner

नि.नं.१७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नपा. को विभिन्न वडामा संचालित शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मी हरुलाई नपा. बाट करार सेवामा प्रा.स्वा.के. को दरबन्दीमा कार्यरत समान तहका कर्मचारीहरुलाई उपलब्ध गराए बराबरको पारिश्रमिक मिति २०७६।०४।०१ गतेदेखी लागू हुने गरी नपा को करार सेवा रकम बाट उपलब्ध गराउने निर्णय गरियो । साथै निजहरुको करार अवधी चालु आ.व.को लागी नविकरण गर्ने निर्णय गरियो ।

नि.नं.१८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम योजना सम्झौताको लागी आउने सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय उदयपुरको च.नं. १०३ मिति २०७६।०६।०१ को पत्र बाट केही योजनाको नाम लेखी आएकोमा उक्त मौज्दात कोष संचालन निर्देशिका, २०७५ मा उल्लेख भएको व्यवस्था अनुसार नभएको हुँदा यस नपा.को नगर कार्यपालिका को निर्णय अनुसार मिति २०७६।११।२६मा पठाइएको योजना हरुको लागी बजेट विनियोजन नभएको हुँदा उक्त मौज्दात कोष संचालन निर्देशिका, २०७५ मा भएको व्यवस्था अनुसार वडा कार्यालय भवनहरु निर्माणको लागि बजेट माग गर्ने नगर कार्यपालिकाको निर्णय अनुसार माग गरिएका योजना हरु कार्यान्वयनको लागी पुन: निर्णय गरिदिनको लागि जि. स. स. उदयपुरलाई अनुरोध गर्ने निर्णय गरियो । साथै जि. स. स. बाट तोकि आएका योजनाहरु यस नपा. को वडा तथा नगर सभाबाट छनोट नभएका योजना भएकोले सम्झौता/कार्यान्वय गर्न ~~नमि~~ नसकिने निर्णय गरियो ।

नि.नं.१९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा सौंघियमामिला तथा सामान्यप्रशासन मन्त्रालय को च.नं. १२६ मिति २०७६।०८।२८ गतेको प्राप्त पत्र अनुसार भूमिहिन दलित परिवारलाई जमिन उपलब्ध गराउने सम्बन्धी कामको सहजीकरणको लागी यस नपा. अधिकृतस्तर छैटौं तह कर्मचारी श्री तेजबहादुर पोखरेल लाई फोकल पर्सन तोकने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.२० प्रस्ताव नं. २० माथि छलफल गर्दा पौरखी किसान समूह बेलका न.पा.-५, उदयपुरको माग अनुसार उक्त समूह द्वारा आयोजित प्रथम बेलका साँगीतिक कार्यक्रम-२०७६ को लागि रु.२०,०००/- यस नपाको सूचना सञ्चार शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.२१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस न.पा. क्षेत्रको सबै वडाको अव्यवस्थित बसोबासीहरुको विवरण संकलन को लागि नपा द्वारा खटाइएका सामाजिक परिचालक हरुको म्याद समाप्त भएको हुँदा मिति २०७६ कार्तिक महिनाको भरी १ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

Scanned by CamScanner